# तरकारी खेती वटा पैसा संगै सम्मान पनि पाए ॥




कक्षा पाँच पढ्दै गर्दा १३ वर्ष को कलिलै उमेरमा आज भन्दा करीव ३२ वर्ष अघि अमरगढी नगरपालिका वार्ड नं. ६ छचौडा वस्ने गोविन्दा ताम्रकार वैवाहिक जीवनमा वाधिएकी थिईन । अहिले उनी २ छोरा २ छोरीकी आमा हुन । उनको श्रीमान विरभान टमाटा सामान्य तामा व्यवसाय गर्दे आई रहेकि छिन । श्रीमान तामा व्यवसया गर्ने र आफु घरायसी काममा व्यस्त रहदै आएकि गोविन्दाले छोरा छोरी पढाउन नसकेपछि दुई छोरा रोजागारिका लागि भारत गएका छन एक जना छोरी विवाह गरेर गईसके भन् वाकि रहेको एक मात्र  छोरी भावना ताम्रकार लाई भने उनले जसो तसो भेटनरी जेटिए पढाउदै आएकि छिन ।

एफसियको साझेदारीमा एकिकृत विकास समाज डडेल्धुराले संचालन गर्दे आई रहेको सिमान्तकृत वर्गहरुको सामाजीक तथा आर्थिक शसक्तीकरण परियोजना अन्तर्गत उनी वस्ने गाउँ अमरगढी नगरपालिका वार्ड नं. ६ छचौडामा समैजी महिला कृषि समुह गठन गरि सिम परियोजना अर्न्तगत का कृयाकलाप हरु संचालन गर्‍यो । २०२३ को परियोजना अर्न्तगत गोविन्दा ताम्रकारले वैशाख देखी पहिलो पट्क तरकारी खेतीको सुरुवात गरे, उनी वस्दै आएको गाउमा तरकारी खेती गर्ने उनी पहिलो महिला वनेकि छिन । गाउमा तरकारी खेती सुरुवात गर्दा सवैले मेरो खिसी गरेका थिए ।

पोली हाउसमा लगाएको टमाटर वाट पहिलो सिजनमा नै २० हजार वढी आम्दानी कमाएपछि अहिले उनको गाउमा तारिफ गर्ने मान्छेको कमी नभएको उनी वताउछिन । टमाटर र तरकारी लगाएर आम्दानी गर्न थाले पछि उनी व्यवसायीक किसान मात्र नभई अगुवा कृषक समेत वनेकि छिन। अहिले उनको सिखो गरेर तरकारी खेती गरि रहेका अन्य महिला हरु समेत रोग किराका वारेमा उनी संग सोध्ने गर्छन । अगुवा कृषक रुपमा तरकारी खेती गर्दे आई रहेकि गोविन्दाले कमाएको पैसा वाट मासिक रुपमा दुई वटा वित्तीय संस्थामा मासिक ५ सय वचत गर्ने गरेकि छिन । तरकारी खेती लाई निरन्तर दिदै अगुवा कृषक वन्ने वाटोमा आफु हिडेकि उनले वताईन ।